स.वि.द.नं. १६/४/७/०१७ (सहकारी ऐन २०४८ बमोजिम स्थापित) फोन नं. ०१०-५६०००९

जिल्ला सहकारी संघ लिमिटेड
विदुर-२, नुवाकोट, नेपाल
District Co-operative Union Limited
Bidur-2, Nuwakot, Nepal email: dcunuwakot2073@gmail.com

# प्रेस विज्ञप्ति

विषयः विनाशकारी बाढीबाट प्रभावित सहकारी संस्था तथा सदस्यहरूको उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणमा एकताबद्ध हुन हार्दिक अपिल।

हालै आएको विनाशकारी भोटेकोशी बाढी तथा त्यसबाट सिर्जित प्राकृतिक विपत्तिले नुवाकोट, रसुवा र धादिङ लगायतका जिल्लामा ठूलो जनधनको क्षति पुऱ्याएको घटनाप्रति जिल्ला सहकारी संघ लिमिटेड, नुवाकोट गहिरो दुःख व्यक्त गर्दछ।

यस विपत्तिमा ज्यान गुमाउनु भएका सम्पूर्ण नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ। साथै बेपत्ता नागरिकहरूको तत्काल खोज, उद्धार तथा प्रभावित परिवारको राहत र पुनःस्थापनाका लागि सम्बन्धित सम्पूर्ण निकायसँग हार्दिक आग्रह गर्दछौँ।

प्राकृतिक विपत्तिबाट सहकारी संस्था, सहकारीका सदस्य, सञ्चालक तथा कर्मचारीसमेत प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। कतिपय सहकारी संस्थाका कार्यालय, भवन, फर्निचर, कम्प्युटर तथा विद्युतीय सामग्री, कागजात, अभिलेख लगायतका सम्पूर्ण सम्पत्ति बाढीले बगाएको तथा पूर्ण रूपमा क्षति पुऱ्याएको प्रारम्भिक विवरण प्राप्त भएको छ।

पूर्ण रूपमा क्षति भएका सहकारी संस्थाहरूको विवरण

प्राप्त प्रारम्भिक विवरणअनुसार नुवाकोट जिल्लामा निम्न सहकारी संस्थाहरू पूर्ण रूपमा क्षति भएका छन् :

१. साधु बहुउद्देश्यीय सहकारी संस्था लि., बिदुर–१, नुवाकोट
२. उपकार बचत तथा ऋण सहकारी संस्था लि., बिदुर–१, नुवाकोट
३. त्रिशूली बचत तथा ऋण सहकारी संस्था लि., बिदुर–१, नुवाकोट
४. दक्षिणकाली बचत तथा ऋण सहकारी संस्था लि., बिदुर–१, नुवाकोट
५. कुलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि., बिदुर–१, नुवाकोट
६. मातृभूमि बहुउद्देश्यीय सहकारी संस्था लि., बिदुर–१, नुवाकोट
७. मातामनकामना बचत तथा ऋण सहकारी संस्था लि., बिदुर–१, नुवाकोट
८. हाम्रो सहकारी संस्था लि., बिदुर–७, नुवाकोट

स.वि.द.नं. १६/४/७/०१७ (सहकारी ऐन २०४८ बमोजिम स्थापित) फोन नं. ०१०-५६०००९

जिल्ला सहकारी संघ लिमिटेड
विदुर-२, नुवाकोट, नेपाल
District Co-operative Union Limited
Bidur-2, Nuwakot, Nepal email: dcunuwakot2073@gmail.com

९. शुभकामना बहुउद्देश्यीय सहकारी संस्था लि., बिदुर–१०, नुवाकोट

१०. उत्तरगया बचत तथा ऋण सहकारी संस्था लि., बिदुर–१०, नुवाकोट

११. जालपादेवी बहुउद्देश्यीय सहकारी संस्था लि., बिदुर–५ , नुवाकोट

१२. शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि., बिदुर–१०, नुवाकोट

१३. विकासशील कृषि सहकारी संस्था लि., बिदुर–१०, नुवाकोट

१४. नवदिप कृषि सहकारी संस्था लि., बिदुर–१०, नुवाकोट

१५. लाङटाङ बहुउद्देश्यीय सहकारी संस्था लि., बिदुर–१, नुवाकोट

उल्लिखित संस्थाहरूको क्षति केवल भौतिक संरचना र सम्पत्तिको क्षति मात्र नभई वर्षौंदेखि संकलित संस्थागत अभिलेख, कागजात, सदस्यहरूको विवरण तथा सहकारी अभियानको महत्वपूर्ण सम्पत्तिको क्षति समेत हो। यसले प्रभावित संस्था र हजारौँ सदस्यको दैनिक आर्थिक तथा संस्थागत जीवनमा गम्भीर असर पार्न सक्ने देखिन्छ।

विपत्तिमा सहकारी एक्लै होइन, सबै सहकारी सँगै छौँ।

सहकारी भनेको केवल बचत तथा ऋणको कारोबार गर्ने संस्था मात्र होइन, दुःख–सुखमा एकअर्काको साथ दिने सामूहिक शक्ति, विश्वास र सहकार्यको अभियान हो।

आज केही सहकारी संस्था विपत्तिमा परेका छन्। आज उनीहरूलाई हाम्रो सहयोग आवश्यक छ। त्यसैले ‘मेरो संस्था’ र ‘तिम्रो संस्था’ नभनी ‘हाम्रो सहकारी अभियान’ भन्ने भावनाका साथ सबै सहकारी संस्था एक ठाउँमा उभिनुपर्ने समय आएको छ।

जिल्ला सहकारी संघ लिमिटेड, नुवाकोट सम्पूर्ण सहकारी संस्था, सहकारीकर्मी, सदस्य, सञ्चालक, कर्मचारी, स्थानीय तह, प्रदेश तथा संघीय सरकार, सहकारीका विभिन्न संघहरू, बैंक तथा
वित्तीय क्षेत्र, सामाजिक संघसंस्था, दातृ निकाय तथा देश–विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई प्रभावित सहकारी संस्था तथा सदस्यहरूको सहयोगमा जुट्न हार्दिक अपिल गर्दछ।

वित्तीय क्षेत्र, सामाजिक संघसंस्था, दातृ निकाय तथा देश–विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई प्रभावित सहकारी संस्था तथा सदस्यहरूको सहयोगमा जुट्न हार्दिक अपिल गर्दछ।

विशेषगरी प्रभावित संस्थाहरूको—

- क्षतिको यथार्थ विवरण संकलन तथा अभिलेखीकरण,
- तत्काल राहत तथा मानवीय सहयोग,
- कागजात तथा अभिलेखको संरक्षण र पुनःनिर्माण,
- कार्यालय पुनःस्थापना,
- सदस्यहरूको जीविकोपार्जनमा सहयोग,
- संस्थालाई पुनः सञ्चालन गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग,
- तथा दीर्घकालीन पुनःस्थापना र पुनर्निर्माण कार्यमा सम्पूर्ण सहकारी अभियान एकताबद्ध भएर सहयोग गर्न हार्दिक अनुरोध गर्दछौं।
    - हामी सबैको सानो सहयोगले विपत्तिमा परेको एउटा संस्था फेरि उठ्न सक्छ।
    - हामी सबैको एकताले हजारौं प्रभावित सदस्यको जीवनमा आशा जगाउन सक्छ।

त्यसैले यो विपत्तिको घडीमा सहकारी अभियानले सहकारीकै लागि हातेमालो गरौं, प्रभावित संस्थालाई उठाऔं र सदस्यहरूको आँसु पुछौं।

आउनुहोस्—

दुःखमा साथ दिऔं,

विपत्तिमा एकजुट बनौं,

प्रभावित सहकारीलाई उठाऔं,

सदस्यको जीवनमा आशा जगाऔं,

र सहकारी अभियानलाई अझ बलियो बनाऔं।

"विपत्तिमा सहकारी, सहकारीमा एकता, एकतामै हाम्रो शक्ति र भविष्य।"

शिब प्रसाद अधिकारी

अध्यक्ष

जिल्ला सहकारी संघ लिमिटेड, बिदुर–२, नुवाकोट